REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 12.09.2026

CM- Glacial Hazards: Desk

हिमनदी जोखिमसम्बन्धी आयोगका अध्यक्ष डा. अखिलेश गुप्ताको नेतृत्वमा रहेको टोलीले मुख्यमन्त्री प्रेमसिंह तामाङसँग भेट गर्‍यो। वन तथा वातावरण मन्त्री पिन्सो नामग्याल लेप्चाको उपस्थितिमा भएको यस भेटमा आयोगका अध्यक्षले मुख्यमन्त्रीसमक्ष आयोगको प्रतिवेदन पेस गर्नुभयो। सन् २०२३ मा गएको विनाशकारी दक्षिण ल्होनाक हिमनदी ताल फुट्दा आएको बाढीको घटनापछि, सिक्किममा हिमनदी जोखिम न्यूनीकरणका लागि विस्तृत रणनीति र कार्ययोजना तयार पार्ने उद्देश्यले सिक्किम सरकारले ११ सेप्टेम्बर २०२४ मा उक्त आयोग गठन गरेको थियो। आयोगले हिमनदी जोखिमविरुद्धको तयारी, लचकता र रोकथाम संयन्त्रलाई सुदृढ बनाउने अनि सिक्किमलाई हिमालय क्षेत्रको नमुना राज्य र देशमै हिमनदी जोखिम न्यूनीकरणको उदाहरणीय राज्यका रूपमा स्थापित गर्ने उद्देश्यले आठवटा मुख्य सिफारिस अघि सारेको छ।

CM Congrats Runner: Desk

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज मलेसियामा आयोजित अन्तर्राष्ट्रिय ट्रेल-रनिङ प्रतियोगिता 'मलेसिया अल्ट्रा ट्रेल बाइ युटिएमबी'-मा उत्कृष्ट उपलब्धि हासिल गरेका नाम्ची, सालघारी निवासी बीरबहादुर राईलाई बधाई दिनुभयो। धावक बीरबहादुरले MY25 विधामा २ घण्टा २५ मिनेटको प्रभावशाली समयका साथ जित हासिल गरेका हुन्। उनी UTMB शृङ्खलाको २५ किलोमिटर विधामा शीर्षस्थान हासिल गर्ने पहिलो भारतीय धावक बनेका छन्।

## Himachal Press-Governor: Desk

हिमाचल प्रदेश र गान्तोकका १३ सदस्यीय PIB मिडिया प्रतिनिधिमण्डलले आज लोक भवनमा राज्यपाल ओम प्रकाश माथुरसँग भेट गऱ्यो। राज्यपालले प्रतिनिधिमण्डललाई स्वागत गर्दै, उनीहरूसँग अन्तरक्रिया गर्नुभयो। प्रतिनिधिमण्डलले भ्रमणसम्बन्धी आफ्ना अनुभवहरू आदनप्रदान गर्दै, न्यानो आतिथ्यका लागि आभार व्यक्त गऱ्यो। लोक भवनको भ्रमणअघि, आज बिहान पत्रकारहरूको टोली 'इन्डियन काउन्सिल अफ एग्रिकल्चरल रिसर्च', ICAR क ो सिक्किम क्षेत्रीय केन्द्र पुगी केन्द्रका प्रमुखसँगको छलफल तथा प्रश्नोत्तर सत्रमा सहभागी भयो।

## Sikkim- National Conference: IPR

सिक्किमका प्रमुख सूचना आयुक्त कुबेर भण्डारीले हैदराबादस्थित एडमिनिस्ट्रेटिभ स्टाफ कलेज अफ इन्डिया-मा आयोजित राष्ट्रिय सम्मेलनमा सहभागिता जनाउनुभयो। देशभरिका केन्द्रीय तथा राज्य सूचना आयुक्तहरू र आरटीआई विज्ञहरूलाई एकै ठाउँमा ल्याउने यस सम्मेलनमा आरटीआई र सुशासन, कार्यान्वयन चुनौतीहरू, दुई दशकको निरूपण प्रक्रिया, संस्थागत सुधार तथा प्राविधिक प्रगतिजस्ता विषयहरूमा छलफल गरिएको थियो।

## Lachen Route: Desk

तराम चु-मा लाचेन जाने बाटो मर्मतपछि पर्यटकहरूको आवतजावतका लागि लाचेन पुनः खुला गरिएको छ। तर, मङ्गन जिल्ला प्रशासनले मङ्गन-गान्तोक र लाचेन-लाचुङबीच आवतजावत गर्ने सवारी साधनहरूका लागि 'टुङ चेक पोस्ट'  पार गर्ने समयसीमा साँझ ४ बजेसम्म तोकेको छ। यो प्रतिबन्ध दुवै दिशामा यात्रा गर्ने पर्यटक तथा अन्य साना सवारी साधनहरूमा लागू हुनेछ। भारी सवारी साधन र ट्रकहरू भने विद्यमान ट्राफिक नियमअनुसार साङ्क ालाङ-साफो–शिपग्येर मार्ग हुँदै निरन्तर चल्नेछन्।

## Mani Dungdrup Chenmo 2026: IPR

शान्ति, करुणा र समस्त प्राणीहरूको कल्याणका लागि समर्पित सातदिने बृहत् प्रार्थना सभा 'चौथो वार्षिक मणि डुङ्ड्रप छेन्मो २०२६' को उद्घाटन समारोह आज पेलिङस्थित चेन्रेजिग सिङखाम रिवो पोटाला- मा सम्पन्न भयो। मुख्यमन्त्री प्रेमसिंह तामाङको निरन्तर नेतृत्व र प्रोत्साहनमा सिक्किम सरकारको धर्म विभागद्वारा यो वार्षिक समारोह विशेष गरी नेपालमा हालै आएको बाढीका पीडित समुदायहरूका लागि विशेष प्रार्थना समर्पित गर्नका लागि हो।

Nepali Shahitya Parishad: Himali Bela

साहित्य अकादेमी, नयाँ दिल्ली र नेपाली साहित्य परिषद्, सिक्किमको संयुक्त तत्त्वावधानमा आयोजित ‘नारी चेतना एवम् नेपाली कविहरूसँग भेट’ कार्यक्रम आज नेपाली साहित्य परिषद् भवन, गान्तोकमा सम्पन्न भयो। कार्यक्रमको प्रथम सत्रमा साहित्य अकादेमी, नयाँ दिल्लीको नेपाली भाषा परामर्श समितिका संयोजक शङ्करदेव ढकालले नारी चेतना - महिला अधिकार, अस्तित्व, सम्मान र स्वतन्त्रताको पहिचान गर्नु रहेको बताउनुभयो अनि कवि दीपा राईले ‘सिक्किमेली महिला कविहरूको नेपाली भाषाको विकासमा योगदान’, साहित्यकार उषा शर्माले ‘नेपाली भाषा–साहित्यको विकासमा सिक्किमेली नारी पत्रकारहरूको योगदान’ अनि साहित्यकार अनिता निरौलाले ‘सिक्किममा नेपाली भाषी नारीवादी लेखकहरूको इतिहास’ विषयमा वार्ता प्रस्तुत गर्नुभयो। दोस्रो सत्रमा नेपाली साहित्य परिषद्, सिक्किमका अध्यक्ष हरि ढुङ्गेलले कविताका सन्दर्भमा विविध पक्ष राख्नुभयो।